गाउँ सभाको बैठकमा अध्यक्ष श्री सन्त बहादुर घले (तामाङ)ज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९।०८० को

# नीति तथा कार्यक्रम

सूर्यगढी गाउँपालिका
नुवाकोट जिल्ला
बागमती प्रदेश
९ असार २०७९

**"शिक्षा, स्वास्थ्य र पर्यटन सहितको पूर्वाधार-गतिशिल सूर्यगढी हाम्रो आधार"**

सूर्यगढी गाउँपालिकाको उपााध्यक्षज्यू,
गाउँसभाका सदस्यज्यूहरु, सभाका सचिवज्यू, कर्मचारी मित्रहरु,सञ्चारकर्मी साथीहरु लगायत
उपस्थित सम्पूर्ण महानुभावहरु ।

सूर्यगढी गाउँपालिकाको गाउँ सभामा आ.व २०७९।०८०को लागि बजेट नीति तथा कार्यक्रम प्रस्तुत समारोहमा गाउँपालिकाको अध्यक्षको तर्फवाट हार्दिक स्वागत गर्न चाहान्छु । सूर्यगढी गाउँपालिकाको दोस्रो कार्यकालको रुपमा आगामी आ.व.२०७९/०८०को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा म आफुलाई भाग्यमानी ठानेको छु ।

नेपाल राष्ट्रको रक्षा र अग्रगमनका आन्दोलनमा सहादत प्राप्त गर्ने सबै सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । संघीयताको मर्म,भावना तथा नेपालको संविधान २०७२ बमोजिम स्थानीय सरकार सञ्चालन भएको पाँच वर्ष पुरा भइसकेको यो अवस्थामा पहिलो कार्यकाल जनताको सेवा एवम् समग्र सूर्यगढीको विकासमा समर्पित भएर विताएका थियौं । सुशासन युक्त समाज विकसित एवम् भ्रष्टाचार मुक्त सूर्यगढी अभियानमा हाम्रो कार्यलाई साथ र सर्मथन दिएर फेरी अर्को कार्यकालको लागि यहाँका सचेत नागरिकहरुले उचित मूल्याङ्कन गरी पुन: एक पटक सूर्यगढीको नेतृत्व हामीलाई दिनुभएकोमा सम्पूर्ण सूर्यगढीबासी आमाबुबा दाजुभाई तथा दिदिबहिनिहरुमा हार्दिक धन्यवाद दिन चाहन्छौं । यो कार्यकाल पनि अझै तदारुकताको साथ सूर्यगढीका आम नागरिक प्रति प्रतिवद्ध,उत्तरदायी र जवाफदेही भएर लाग्ने छौं । सम्वृद्ध सूर्यगढीको निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं परोक्ष ढंगले भूमिका खेल्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरु,कर्मचारीहरु,राजनैतिक दलका प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, शिक्षकहरु,पत्रकारहरु तथा समग्र सूर्यगढीका नागरिकहरुमा हृदयदेखी नै धन्यबाद दिन चाहन्छु । स्थानिय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गराउने निर्वाचन आयोग सहयोग गर्ने राष्ट्रसेवक कर्मचारी,सुरक्षा निकाय,तथा यस प्रकियामा संलग्न राजनीतिक दल,संघ सस्था र आम सूर्यगढीका नागरिकहरु सबै प्रति आभार ब्यक्त गर्दछु ।

सूर्यगढी गाउँपालिकाको सन्दर्भमा पनि हामी सबै जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दल,समाजसेवी लगायतको एकताले नै सूर्यगढी गाउँपालिकालाई अहिलेको अवस्थाबाट विकसित गाउँपालिका बनाउन तथा यहाँको जनताको तिब्र आर्थिक विकास गर्नमा सहयोग पुग्नेछ । विकासको क्रममा पछाडी परेका वर्ग तथा ३६ प्रतिशत गरिबीको रेखामुनी रहेका समुदायलाई विकासको मूल प्रवाहमा ल्याई मध्यम बर्गमा रुपान्तरण गरी उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारीको अवसर श्रृजना गर्ने, कृषि क्षेत्रको व्यवसायिकिकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सबै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक

पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने तथा नेपालको संविधानको अनुसुची ८ मा व्यवस्था भए वमोजिमका कानुन निर्माण तथा कार्यान्वयन गरी आत्मनिर्भर उन्मुख हुनुपर्ने समग्र चुनौतीहरु हाम्रो सामु विद्यमान रहेका छन् ।

त्यसैगरी,देशको पछिल्लो समयको विकसित राजनैतिक घटनाक्रम तथा विश्वब्यापी रुपमा फैलिएको कोभिड-१९को तेस्रो चरणको संक्रमणका कारण उत्पन्न विषम परिस्थिति लगायतका थुप्रै चुनौती हुदाँ हुंदै पनि हामी संग प्रशस्त संभावनाहरु पनि रहेका छन् । प्राकृतिक श्रोत र साधनले भरीपूर्ण, धान, मकै,कोदो, अदुवा, आलु, अन्य सागसब्जी आदीको उत्पादन, सिमेन्टढुंगाको खानी,कला र संस्कृति, सामुदायिक वन, श्रममा रमाउने परिश्रमी र श्रमजिवी नागरीक,समग्र विकास निर्माणको लागि सूर्यगढी गाउँपालिकावाट पारित भएका ऐन कानुन र उक्त ऐन कानुन अनुसार सेवाग्राहीहरुलाई गुणस्तरीय सेवा दिने चुस्त कर्मचारी संयन्त्र र अभिभावकको भूमिका निर्वाह गर्ने निर्वाचित जनप्रतिनिधीहरु हाम्रो विकासको संभावना हुन । यिनै सम्पूर्ण संभावनालाई आत्मसात गर्दै सूर्यगढी गाउंपालिकाको विकास निर्माणमा सवैको साथ र सहयोग अपरिहार्य रहेकोछ ।

नेपाल सरकारले स्थानिय तह क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ लिजा(**LISA**)तयार गरी सो अनुरुप प्राकृतिक स्रोत तथा वित्त आयोगबाट स्थानिय तहमा बजेट बाँडफाँड गर्ने नीति लिए बमोजिम हामीले पनि उक्त परिधि भित्र रही हाम्रो सिमित स्रोत साधनबाट जनताका महत्वपूर्ण अपेक्षालाई समेटनु पर्ने चुनौती विचमा बागमती प्रदेशका विभिन्न स्थानिय तहहरु मध्यमै उत्कृष्ठ स्थानिय तह बनाउन हामी सफल भएका छौ.। यहि मापनको आधारमा संघीय सरकारको अनुदानमा बृद्धि भएको छ । तथापी स्थानिय सरकारको अधिकार क्षेत्रभरी पर्ने सेवा सर्वसाधारण समक्ष पुर्‍याइ हाल सम्म प्राप्त राजनैतिक, सामाजिक,सांस्कृतिक तथा भौतिक उपलब्धिहरुलाई संस्थागत गर्दे गत कार्यकालमा भएको कमी कमजोरीलाई सच्याउँदै यस कार्यकालको अवधिमा सहकार्य र समन्वयका साथ गाँउपालिकालाई अगाडी बढाउने प्रतिवद्धता ब्यक्त गर्दछौं ।

## उपस्थित सम्पूर्ण महानुभावहरु,

संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान,मानब अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको राष्ट्रिय आकाङ्छा तथा बागमती प्रदेशले लिएको नीतिलाई आत्मसात गर्दे अब म यस सूर्यगढी गाउँपालिकाको चालु आ.व.२०७८/०७९ मा सम्पादित क्रियाकलापको छोटकरी रुपमा समिक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

- प्रादेशिक तथा स्थानिय सडक सुधार कार्यक्रम अनुसार नुवाकोट-बागेश्वरी-लच्याङ-उर्लेनी सडक खण्ड अर्न्तगत गाउँपालिका कार्यालय क्षेत्रमा ५२० मिटरबाट कालोपत्रे

गर्ने  काम शुरु भइसकेको छ साथै फेदीबेसी-दार्मे-चोकदे-कुवापानी हुदै रसुवा जोड्ने सडक तथा लब्धु-हल्दे-चोकदे सडक स्तरोन्नती गर्ने कार्य जारी रहेकोले वर्षायाममा समेत आवागमन गर्न सकिने ब्यवस्था मिलाउदै लगिएको छ ।

- सामाजिक सुरक्षा भत्ता वितरण पारदर्शी गर्न बैकिङ्ग प्रणालीबाट नियमित भुक्तानी गरी बैंक मार्फत घुम्ती सेवा प्रवाह गरी वितरण गरीएको छ ।
- कृषि ज्ञान केन्द्रको समन्वय तथा सहकार्यमा यस गाउँपालिका भित्रका कृषकहरुलाई सहुलियत दरमा ट्याक्टर,मौरी घार,विषाधि छर्ने पम्प,प्लास्टिक टनेल,प्लास्टिक पोखरी लगायतका कृषि सामग्री तथा विभिन्न फलफूलका विरुवा,विषाधिहरु,बीउ विजनहरु तथा गोठ सुधार कार्यक्रमहरु सहुलियत रुपमा वितरण गरिएको छ ।
- वडा नं १ र ५ मा कृषि तथा पशु सेवा केन्द्र स्थापना गरिएको छ ।
- गाउँ शिक्षा समितिको गठन गरी गाउँ शिक्षा योजना तथा अन्य शिक्षा सम्बन्धि कार्यविधिहरु निर्माण गरिएको छ । ३ वटा आधारभूत तहलाई मावि तह कक्षा १० तथा २ वटा मावि लाई कक्षा १२ को अनुमती प्रदान गरिएको छ । प्रत्येक विद्यालयमा इन्टरनेटको ब्यवस्था गरिएको छ भने सबै विद्यालयहरुमा ई-हाजिरीको ब्यवस्था गरिएको छ ।यसैगरी कम्तिमा महिनाको १ पटक  विद्यालयको स्थलगत अनुगमन तथा निरिक्षण गरी गाउँपालिका भित्रका उत्कृष्ट शिक्षक तथा विद्यालयलाई पुरस्कृत गर्दै प्रोत्साहित गर्ने परिपाटीको विकास गरीएको छ ।
- नेपाल सरकारले प्रदान गरेको सामाजिक सुरक्षा भत्ता प्राप्त वृद्ध  ब्यक्तिहरुलाई न्यानो कपडा ब्यवस्थापनको लागि प्रति ब्यक्ति वार्षिक रुपमा रु एक हजार पाँच सय गाउँपालिकाको तर्फबाट प्रदान गरिएको छ ।
- बागेश्वरी मन्दिर,हल्देकालिका मन्दिर,सूर्यगढी जस्ता धार्मिक तथा ऐतिहासिक क्षेत्रहरुको विकासको लागि स्तरोन्नती तथा पदमार्गको रुपमा विकास गर्ने शुरुवात गरिएको छ ।
- सूर्यगढी गाउँपालिका भित्रको खानेपानीको समस्या समाधानको लागि बेलडाडा-अचाने,घ्याङडाँडा-दार्मे-हिरामणीटार-फेदिवेशी,जामुने-रातमाटे,बोहोरे-कटुञ्जे-मरुडाँडा -पोल्चेत-डिट्ठा स्वाारा-सानो भोर्ले-मस्याङ मञ्याङ-उपल्लो कुवापानी-तल्लो कुवापानी लगायतका सम्पूर्ण उत्तरी भूभागका क्षेत्र खानीगाउँ-माख्लो जामुने-गोठाबारी लगायतका क्षेत्रमा एक घर एक धारा जडान गरी सूचारु गरिएको छ ।
- सूर्यगढी गाउँपालिका प्रवेश गर्ने स्थान सूर्यगढी ३ फलाँटे बजारमा प्रवेशद्धार निर्माण गरिएको छ ।
- विभिन्न धर्म र संस्कृति अनुसारको मरणघाट तथा दाहसंस्कार स्थलको निर्माण गरिएको छ ।

- सबै वडाहरुमा यातायातको पहुँच पुऱ्याउनुका साथै गाउँपालिका भरी कुल ८० कि.मि.भन्दा बढी पक्की छिँडिको निर्माण गरीएको छ ।

**उपस्थित सम्पूर्ण महानुभावहरु,** अव म यस सूर्यगढी गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक विकास

### क) कृषि तथा पशु विकास

- आ.व. २०७९।०८०मा **"एक भूगोल एक कृपि उत्पादन कार्यक्रम"** लाई कायम गर्दै आवश्यकक्ताको आधारमा नयाँ थप तथा परिमार्जन गरी लागू गरिने छ ।
- **"सबैलाई सहज-कृषिजन्य उपज"**कार्यक्रम लागू गर्दे विविध कृषि सहुलियतका कार्यक्रम लागू गरिनेछ ।
- **'नाफामूलक कृषि-किसानको सम्बृद्धि'** कार्यक्रमलाई विशेष जोड दिइनेछ ।
- आलु खेतीको विकास र विस्तारको लागि प्रधानमन्त्री आलु जोन संग समन्वय गर्दै कार्य अगाडी बढाइने छ ।
- रसायनिक मल तथा विषादी प्रयोगलाई क्रमशः निरुत्साहित गर्दै यस गा.पा.मा अर्गानिक खेतीलाई प्रोत्साहन गर्दै लगिनेछ ।
- पशु तथा कृषि विमाको लागि कृषकलाई जनचेतना कार्यक्रम संचालन गरिनेछ ।
- माटोको नमुना लिने र सोही माटो सुहाउँदो खेती गर्न कृषकलाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- टनेल तरकारी खेतीलाई प्रोत्साहन गर्दै कृषकलाई टनेल निर्माणमा अनुदान दिइनेछ ।
- पशुपालन सहित घाँस खेती गर्नलाई कृषकलाई प्रोत्साहन गरिनेछ ।
- व्यवसायिक रुपमा स्थानीय जातका कुखुरा तथा बाख्रा पालन गर्ने कृषकहरुलाई पेशामा आकर्षण गर्नको लागि अनुदानको व्यवस्था गरिनेछ ।
- पशुपालनलाई व्यवस्थित गर्नको लागि भकारो सुधार, खोर सुधार तथा नश्ल सुधार कार्यक्रम प्रत्येक वडामा क्रमश लागु गरिनेछ ।
- सूर्यगढी गाउँपालिकाले कृषि क्षेत्रलाई ब्यवसायिक, आत्मनिर्भर तथा प्रमुख आयश्रोतको रुपमा विकास गर्नेगरी मुख्य प्राथमिक क्षेत्रमा राख्ने नीति लिइएको छ ।
- कृतिम पशु गर्भाधान कार्यक्रम तथा तरल नाइट्रोजन ब्यवस्थापन गरिनेछ ।
- दुग्ध संकलन केन्द्र तथा दूध चिस्यान चिलिङ भ्याट कार्यक्रमलाई जोड दिइनेछ । दुध संकलन गर्दा किसानलाई प्रति लिटर रु ५ अनुदान दिइने ब्यवस्था गरिने छ ।
- सूर्यगढीको भूगोललाई तीन भागमा विभाजन गरी उच्च भागमा ओखर,किवि,अलैची,कागती,सुन्तला टिमुर, मध्यम भागमा एभोकाडो,भुइकटहर,मेवा,

मौरीपालन तथा तल्लो भागमा ड्याग्रन फ्रुट,आँप,लिचि,खरबुजो,केरा जस्ता तरकारी र फलफूल खेतीलाई विशेष अनुदानको ब्यवस्था गरिनेछ ।

- परम्परागत पानी घट्टलाई सुधारिएको घट्टमा रुपान्तरण गर्ने ब्यवस्था मिलाइने छ ।

**ख) घरेलु तथा साना उद्योग**

- लोप हुन लागेका स्थानीय सीपहरुको खोजीगरी संरक्षण तथा प्रवर्द्धनको लागि सीप विकासका तालिमहरु संचालन गरिने छ ।
- आधुनिक प्रविधिका (मेकानिकल, मोवाइल मर्मत, मोटरसाइकल मर्मत,प्लम्बर, इलेक्ट्रिसियन अदि) व्यवसायका क्षेत्रहरुको पहिचानको लागि उद्यमशिलता सम्वन्धि तालिम कार्यक्रमहरु लाई यो वर्ष पनि निरन्तरता दिइनेछ ।
- लघुउद्यम सम्बन्धी कार्यक्रम समन्वय, साझेदारी तथा सहकार्यमा अगाडि बढाइनेछ ।
- परम्परागत आरनघरलाई सुधार गर्दै व्यवसायिक आरनघर निर्माणमा जोड दिइनेछ ।
- स्थानिय स्तरका उद्यमीलाई प्रोत्साहित गरिने छ ।

**ग) पर्यटन**

- पर्यटन गुरुयोजना निर्माण गरी धार्मिक तथा पर्यटकीय स्थलहरु क्रमशः संरक्षण र संर्वद्धन गर्दै लगिनेछ ।
- पर्यटकिय क्षेत्रको रुपमा वडा नं.३ को ऐतिहासिक सूर्यगढीलाई(चोकदे-बागेश्वरी मन्दिर-सूर्यगढी-कराँचे-बोरे भञ्ज्याङ-चमेरेगुफा-बेलडाँडा झरना हुदै फेदिबेशी) पदमार्गको रुपमा विकास गर्दे आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरिनेछ ।
- नेपाल सरकार र प्रदेश सरकारको समन्वयमा हरेक वडामा हरियाली पार्क स्थापना गर्न पहल गरिनेछ ।
- गाउँपालिका भित्र सामुदायिक होम स्टे निर्माण गरीनेछ ।

**घ) उद्योग वाणिज्य**

- उद्यमी नीति अवलम्बन गरी लघुउद्यम विकास मोडलमा नयाँ उद्यमी निर्माण गर्ने नीति लिइनेछ ।
- घरेलु तथा साना उद्योगको लागि साझेदारीमा काम गर्ने नीति लिइनेछ ।
- गाउँपालिकामा रहेका सम्पूर्ण खानीहरुको सम्भाब्यता खोज अध्ययन अनुसन्धान अन्वेषण र संरक्षण गरी गरी रोजगारी सिर्जना गर्न खानीजन्य उद्योग प्रर्वद्धनको नीति अवलम्बन गरिनेछ ।

**ड.) सहकारी तथा गरिवी निवारण**

- उत्कृष्ट सहकारीलाई प्रोत्साहनको लागि पुरस्कारको व्यवस्था गरिनेछ ।

- विपन्न वर्गहरुको पहिचान गरी सहकारी मार्फत विना धितोको ऋण दिने व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्रका सहकारीहरु बीच असल अभ्यास आदानप्रदानको लागि अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- सहकारीको माध्यमबाट सीप हस्तान्तरण नीति अवलम्बन गरी विभिन्न क्षमता विकास, सिप विकास तथा आय आर्जन सम्बन्धी तालिम दिइनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउनको लागि साझेदारीमा काम गरिनेछ ।

**च) वित्तीय क्षेत्र**

- नेपाल इन्भेष्टमेण्ट बैंकको शाखा चोकदेमा रहेकोमा सामाजिक सुरक्षा भत्ता,योजनाको रकम भुक्तानी,शिक्षक कर्मचारी तलव निकासाको लागि वडा नं ४ र ५को जनताको सहजताको निम्ति वडा नं.५मा बैंकको विस्तारित काउन्टर स्थापना गर्न पहल गरिनेछ ।
- थोरै रकम निकाल्न पनि लामो समय लाइनमा बस्न पर्ने तथा भिडभाड हुने समस्यालाई हल गर्न गाउँपालिका क्षेत्रमा एटिएम काउण्टरको स्थापना गरिनेछ ।

**सामाजिक विकास**

**क) शिक्षा**

- **'सूर्यगढीको इच्छा-सम्बृद्धिको लागि प्राविधिक शिक्षा'** भन्ने अबधारणामा श्री बागेश्वरी मावि सूर्यगढी ३ मा संचालित प्राविधिक शिक्षालाई अझै ब्यवस्थित गर्दै अन्य विद्यालयहरुमा समेत लागू गर्ने प्रयास गरिनेछ ।
- छात्राहरुलाई शिक्षा तर्फ आर्कषित गर्न**"अध्यक्ष छात्रा प्रोत्साहन कार्यक्रम"** लागू गर्दै सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखी १२ सम्मका छात्राहरुको लागि विशेष छात्रवृत्तिको ब्यवस्था गरिनेछ ।
- संघिय सरकारले तोकेको मापदण्डमा रही आवश्यकताको आधारमा गाउँपालिकाले निर्माण गरेको शिक्षा कार्यविधि अनुसार विद्यालयहरुको रेखांकन गरी यसै आर्थिक वर्ष बाट विद्यालय मर्ज तथा दरवन्दी मिलान गरिनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्र.अ. को प्रशासनिक क्षमता विकास तालिम साथै विषयगत शिक्षकको क्षमता विकास तथा नविनतम शिक्षण विधि तालिम संचालन गरिनेछ ।

- संचालनमा रहेका बालविकास केन्द्रलाई निरन्तरता दिँदै आवश्यकताका आधारमा नयाँ केन्द्र थप गरिनेछ साथै विद्यालय लेखापाल,कार्यालय सहयोगी, निजिस्रोत शिक्षक तथा बालविकास सहजकर्ताहरुको मासिक तलबमा वृद्धि गरिनेछ ।
- कक्षा ३ सम्मका विद्यार्थीहरुलाई क्रमशः मातृ भाषा, नेपाली, अंग्रेजी भाषमा पोख्त बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा खेलकुद, मनोरञ्जन तथा सृजनात्मक क्रियाकलाप संचालन गरी अतिरिक्त क्रियाकलापहरुमा समेत विद्यार्थीको क्षमता विकास गरिनेछ ।
- कक्षा १ देखि १२ सम्म समग्रमा उत्कृष्ट परिणाम ल्याउने विद्यालय, शिक्षक शिक्षिका तथा विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति, अभिभावकलाई नियमित रुपमा विद्यार्थी गतिविधि, विद्यालय संचालन तथा विद्यालयको क्षमता विकासको बारेमा छलफल हुने व्यवस्था मिलाईनेछ ।
- कक्षा ६ सम्मको विद्यार्थी दिवा खाजा कार्यक्रमलाई राष्ट्रिय नीति र मापदण्ड अनुसारको हुने गरी व्यवस्थित गरिनेछ ।
- कक्षा ५ र ८ मा अन्तर विद्यालय परिक्षा संचालन तथा उत्तर पुस्तीका परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- शिक्षक दरवन्दिको मापदण्ड तोकी, मापदण्ड भन्दा कम शिक्षक दरबन्दी भएका विद्यालयमा शिक्षक तलब भत्ताको लागि निश्चित रकम उपलब्ध गराइनेछ ।
- गाउँपालिकाभित्रका कुनै पनि विद्यालयमा कुनै बहानामा विद्यार्थीबाट शुल्क उठाउन बन्देज गरिनेछ ।
- “एक विद्यालय एक नर्स कार्यक्रम” लाई ब्यबस्थित गर्दै थप कोटा माग गरिनेछ ।
- नमुना विद्यालय छनौट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यालय अनुगमन लाई अझै चुस्त दुरुस्त बनाउन कार्यक्रम बनाइने छ ।
- शिक्षाको मूलधारबाट बञ्चित किशोर किशोरीहरुका लागि बैकल्पिक शिक्षाको लागि पहल गरिनेछ ।
- प्रत्येक माध्यामिक विद्यालयमा सिसि क्यामरा जडान गरी अनुगमन तथा निरीक्षणमा जोड दिइनेछ ।
- प्रत्येक माध्यामिक विद्यालयमा एक जना खेलकुद/अतिरिक्त क्रियाकलाप शिक्षकको व्यवस्था गरिनेछ ।
- नेपाली भाषा सिकाइमा रहेको कठिनाई लाई कम गर्नको लागि यसै आर्थिक बर्ष बाट रुम टु रिड तथा रुडेक नेपालको सहकार्यमा विशेष साक्षरता कार्यक्रम लागू गरिनेछ ।

- प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि पोष्ट बहादुर बोगटी बहु प्राविधिक शिक्षालय संगको समन्वयमा बहु विषयमा कम्तिमा ३ जना विद्यार्थीको लागि डिप्लोमा तह सम्म अध्ययनको लागि छात्रवृतिको व्यवस्था गरिनेछ ।
- द्वन्द पिडित तथा बेपत्ता परिवारका सदस्यहरुलाई शिक्षामा बिशेष प्राथमिकतामा राखी कार्यक्रम लागू गरिनेछ ।

**ख) स्वास्थ्य**

- गाउँपालिका भित्रको स्वास्थ्य संस्थाको मातहतमा रहि सञ्चालन हुने गरी गाउँपालिकाले आफैले एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याइनेछ ।
- **स्वस्थ रहनु सबैभन्दा ठूलो-सबैघरमा आधुनिक चुलो** अभियान शुरु गरिनेछ ।
- सबै स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर संचालन तथा वडा नं. ३ मा ल्याब सेवा संचालन स्तरोन्नती गरीनेछ ।
- किशोर किशोरीहरुको लागि प्रजनन स्वास्थ्य सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुत्केरी स्वास्थ्य विमा कार्यक्रमलाई शुरु गरीनेछ ।
- सम्पूर्ण आ.वि.तथा मा.वि हरुमा छात्राहरुको लागि नि:शुल्क सेनेटरी प्याड वितरणलाई निरन्तरता दिइनेछ ।
- घरदैलो जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकारसंग गाउँपालिका भित्र १५ शैयाको अस्पताल निर्माणको चरणमा रहेकोले यस वर्ष निर्माण सम्पन्न गरिनेछ ।
- विभिन्न सर्ने, नसर्ने रोगहरु, कोरोना,एच.आई.भि. एड्स नियन्त्रण, आखा शिविर, महिलाहरुको आंङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर परिक्षणलाई प्राथमिकताका साथ अगाडी वढाइनेछ ।
- स्वास्थ्य संस्थाहरुमा निशुल्क उपलब्ध गराउने औषधिको पर्याप्त मात्रामा व्यवस्था गरिनेछ साथै प्रत्येक स्वास्थ्य संस्थामा सिसि क्यामेरा जडान गरिनेछ ।
- संचालनमा भएको गाउँघर क्लिनिकलाई उचित व्यवस्थापन गरी यस कार्यको लागि फिल्डमा खटिने कर्मचारीलाई भत्ताको व्यवस्था गरिनेछ ।
- गर्भवती महिलालाई घरमै सुत्केरी गराइँदा आमा तथा बच्चाको जीवन जोखिममा पर्ने समस्यालाई निरुत्साहित गर्न स्वास्थ्य संस्थामा सुत्केरी गराउँदा न्यानो झोला,यातायात खर्चका साथै सुत्केरीका लागि पोषणयुक्त विशेष खाद्य सामाग्री वितरण गरिने छ ।

- गर्भवती महिलाको स्वास्थ्यलाई मध्य नजर गर्दै नियमित रुपमा स्वास्थ्य संस्थामा गर्भजाँच गरेवापत अण्डा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गर्भावस्थामा स्वास्थ्य परिक्षण गरी छोरी भएमा गरिने भ्रुण हत्यालाई निरुत्साहित गर्न छोरी जन्मेको दिनबाट आठ वर्षको उमेर सम्म निजको नाममा बैंक खाता खोली मासिक एक सय रुपैया भत्ताको रुपमा ब्यवस्था गरी उक्त रकम बालिकाको शिक्षा तथा स्वास्थ्यमा लगानी गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयमा स्वास्थ्य संस्थाहरु संग समन्वय गरी हेल्थडेस्क मार्फत विद्यार्थीलाई बर्षमा दुइ पटक स्वास्थ्य जाच गरिने प्रवन्ध मिलाइने छ ।
- वडा कार्यालय,विद्यालय हाता बाहिर र वि.व्य.स.ले तोकेको सिमाक्षेत्र भित्र मादकपदार्थ तथा सूर्तीजन्य वस्तुहरु तथा जंकफुडहरुको विक्री वितरणमा पूर्णतः निषेध गरिने छ ।
- रगतको अभावले ज्यान गुमाउन पर्ने समस्या समाधानको लागि नेपाल रेडक्रस सोसाइटी नुवाकोटद्धारा सञ्चालित रक्तसंचार केन्द्रलाई आर्थिक सहायता प्रदान गरिनेछ ।
- द्धन्द पिडित तथा बेपत्ता परिवारका सदस्यहरुलाई स्वास्थ्य विमाको ब्यवस्था गरी निशु:ल्क स्वास्थ्य उपचारको ब्यवस्था गरिनेछ ।
- यस गाउँपालिकामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकासको लागि उचित प्रोत्साहन भत्ताको ब्यवस्था गरिनेछ ।
- वान हार्ट वर्ल्ड-वाइड नेपाल संगको सहकार्यमा स्वास्थ्य कार्यक्रम लागू गरिनेछ ।

## ग) खानेपानी तथा सरसफाइ

- **"एक घर एक धारा-पूर्ण सरसफाई हाम्रो अभिभारा"** भन्ने नाराका साथ ड्वाचे खानेपानीको सेवा क्षेत्रका अधिकांश भूभागमा एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिई स्थानिय प्राकृतिक मूलहरुको समेत संरक्षण गरिनेछ ।
- खानेपानी आयोजनालाई दिगो र टिकाउ बनाउनको लागि समूदायलाई योजना हस्तान्तरण गरी समूदायबाट नै मर्मत संभारको व्यवस्था मिलाइनेछ ।
- सरसफाई सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- फोहोर मैला व्यवस्थापनको लागि प्रत्येक वडामा टोल विकास समिति गठन गरी आवश्यक ठाउँमा फोहोर विसर्जन स्थल तोकिनेछ ।
- ठूला खानेपानीका आयोजना निर्माण र सम्पन्न गर्नका लाीग संघ वा प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

- शौचालय निर्माण गर्न नसकेका विपन्न वर्गका मानिसहरुलाई शौचालय निर्माणमा विशेष अनुदान प्रदान गरिने छ । गाउँपालिका केन्द्र क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

### घ) संस्कृति प्रवर्द्धन

- यहाँको भाषा कला परम्परालाई जीवन्त बनाउन **"भाषाको संस्कृतिको संरक्षण गरौं-बालबालिकालाई मातृभाषा सिकाऔं"** अभियान संचालन गरिनेछ ।
- यहाँका परम्परागत घर जोगाई राख्न परम्परागत घर निर्माणमा प्रोत्साहन गरिनेछ ।
- धार्मिक तथा सांस्कृतिक सम्पदालाई व्यवस्थित गर्दै विभिन्न मठ, मन्दिर, गुम्बा, विहार स्थापनामा जोड दिइनेछ ।

### ङ) खेलकुद तथा मनोरञ्जन

- युवाहरुको खेलकुदको रुचिलाई ध्यानमा राखी फूटबल,भलिबल, करांते, तेक्वान्दो, एथ्लेटिक्स, बक्सिङ जस्ता खेलहरु समेत संचालन गरिनेछ ।
- एक वार्ड एक खेल मैदानको कामलाई निरन्तरता दिईनेछ ।
- प्रदेश तथा गाउँपालिकास्तरको खेलमैदानको स्तर अझ विस्तार गर्न केन्द्र सरकारसंग पहल गरिनेछ ।
- राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- सूर्यगढी ३ गैरीखर्क बाझोबारीमा क्षेत्रिय स्तरीय फूटबल मैदान निर्माण गरी यसै बर्ष सूर्यगढी कप फूटबल प्रतियोगिता संचालन गरीनेछ भने सूर्यगढी ४ र ५ को लागि सूर्यगढी ४ आमभञ्ज्याङमा खेलमैदान निर्माण गरिनेछ ।

### च) लैंगिक समानता तथा सामाजिक समावेशीकरण

#### अ. महिला तथा बालबालिका

- आ.ब. २०७९/०८० मा लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति पारित गरी कार्यन्वयनमा ल्याइनेछ ।
- गाउँपालिका स्तरीय महिला समन्वय समिति मार्फत विभिन्न सीपमूलक तालिम, क्षमता विकास, आय आर्जनको तरिका बृद्धिमा जोड दिने तथा निरन्तरता दिइनेछ ।
- लैंगिक हिंसा अन्त्यको लागि वडागत तथा पालिका स्तरीय कानुनी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

- महिलालाई अवसरहरुमा पुरुष सरह प्राथमिकता तथा समान ज्याला वितरणमा प्रोत्साहित गरीनेछ ।
- एकल महिलाको मागमा आधारित आयमूलक आत्मनिर्भर कार्यक्रम लागू गरिनेछ ।
- बालबालिकामा लगानी बढाऔ-भविष्यका कर्णधार लाई फुलाऔं भन्दै बालमैत्री स्थानीय शासनलाई अवलम्बन गर्दै बजेट विनियोजन गरी कार्यक्रम संचालन गरिनेछ ।
- बालविवाह, बहुविवाह तथा मानव बेचविखनमुक्त पालिका बनाउन चेतनामूलक कानून सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।
- द्धन्द पिडित आर्थिक सामाजिक रुपमा पछाडी परेका हरुलाई विविध आयमूलक कार्यक्रम संचालन गरी समावेस गरीनेछ ।
- समावेसी विकास-समस्याको निकास अवधारणामा पालिका भित्र लुप्त बाल विवाह,घरेलु हिंसा,छुवाछुत,वर्गिय विभेद जस्ता कुसंस्कार तथा कुरुतिको न्यूनिकरण गर्न विविध जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

**आ. दलितः**

- परम्परागत हातहतियार तथा औजारहरुको उत्पादनलाई निरन्तरता दिन सीपमूलक तालिम दिने व्यवस्था मिलाइनेछ ।
- दलित समुदायको उत्थानको लागि परम्परागत पेशालाई समायानुकुल बनाउन परिवर्तन गर्दै पेशागत सुधारको लागि विभिन्न सीपमूलक प्रविधि उपलब्ध गराई स्वरोजगार हुने व्यवस्था मिलाइनेछ ।
- सुधारिएको आरन कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- पञ्चेबाजा संरक्षण तथा सम्बर्द्धनमा जोड दिइनेछ ।
- दलित विद्यार्थीको लागि विशेष छात्रबृत्तिको ब्यवस्था गरिनेछ ।

**इ. फरक क्षमता(अपाङ्गता)**

- अपांगहरुको प्रकृति अनुसार नगद वितरणभन्दा आय आर्जनको लागि सीपमूलक, क्षमतामूलक कार्यक्रम लागू गरिनेछ ।
- प्रकृतिअनुसारको अपांग परिचयपत्र वितरण गरिनेछ ।आर्थिक अवस्था कमजोर भएका अपांग विद्यार्थीलाई शैक्षिक सामाग्री वितरण गरिनेछ ।
- अपांगहरुको मागमा आधारित अन्य कामहरु गरिनेछ । साथै राज्यको नीतिबाट सुविधा लिन बञ्चित भएका अपांगहरुलाई कार्यविधि अनुसारको विशेष सुविधा प्रदान गरिने छ ।

## ई. लक्षित(आदिवासी जनजाती, सिमान्तकृत, अल्पसंख्यक) वर्ग

- लक्षित वर्गहरुको सीप,क्षमता विकास तथा आय आर्जनको लागि विभिन्न सीप, क्षमता तथा आयमूलक तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।
- लक्षित वर्ग अन्तर्गतका वर्गहरुको परंम्पारगत पेशालाई समयानुकुल परिवर्तन गर्दै पेशागत सुधारको लागि आवश्यकता अनुसार विभिन्न प्रविधिहरु उपलव्ध गराई स्वरोजगार हुन प्रेरित गरिनेछ ।
- विद्यालयमा अध्ययन गर्ने जेहेन्दार लक्षित वर्ग अन्तर्गतका वालवालिकाहरुलाई अध्ययन कार्यमा सहयोग पुऱ्याउनको लागि आवश्यकता अनुसार अध्ययन सहयोग सामाग्रीहरु वितरण गरिनेछ । त्यसैगरी उच्च शिक्षामा अध्ययन गर्ने जेहेन्दार विद्यार्थीहरुलाई गाउंपालिकाको तर्फवाट अध्ययन कार्यमा निरन्तरताको लागि थप प्रोत्साहन स्वरुप सहयोगको नीति लिइनेछ ।
- गाउंपालिकावाट विनियोजन हुने लक्षित वर्गको वजेटलाई व्यवस्थित गरी कार्यान्वयन गर्नको लागि निर्देशिका तथा कार्यविधि तयार गरी सोही आधारमा लक्षित वर्गको कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- जेष्ठ नागरिक,अपाङ्गता भएका ब्यक्ति तथा असहायको लगत अध्यावधिक गरी परिचय पत्र वितरण गरिनेछ ।

## उ. युवा वर्ग :

- 'सूर्यगढीको ध्यान-युवा सचेतना अभियान' कार्यक्रम संचालन गरी स्थानीय सूचिकृत बेरोजगार नागरिकहरुको तथ्यांक लिएर उनीहरुको योग्यता, सीप, क्षमता र अनुभवको आधारमा वर्गिकरण गरी श्रम बैंक मार्फत रोजगारी उपलब्ध गराईनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रममा द्वन्द पिडित तथा बेपत्ता परिवारका सदस्यहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- यूवाहरुलाई मादक पदार्थ धुम्रपान, मध्यपान तथा दुर्व्यसन तर्फ लाग्न नदिन यूवा लक्षित चेतनामूलक कार्यक्रम लागू गरिनेछ ।

## ऊ. जेष्ठ नागरिक

- ५५ वर्ष देखी ६७ वर्ष सम्म उमेर समुहका एकल/विधुर पुरुषहरुका लागि विशेष कार्यक्रम लागू गरी भत्ताको ब्यवस्था मिलाइनेछ ।
- ७० वर्ष उमेर पुगेका नागरिकहरुलाई वृद्ध भत्ता दिइदै आएकोमा संघीय सरकारको नीति र कार्यक्रम अनुसार ६८ वर्ष पुरा भएकोलाई वृद्धभक्ता प्रदान गरिने ब्यवस्था मिलाइने छ ।

- जेष्ठ नागरिकको शारिरिक अवस्थालाई ध्यान दिदै सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई प्रभावकारी व्यवस्था मिलाइनेछ ।
- अथाह अनुभवका धनी जेष्ठ नागरिकहरुको अनुभवलाई सम्मान गर्दै जेष्ठ नागरिकहरुको अनुभव, भोगाई र सिकाईहरुलाई सामाजिक विकासको क्षेत्रमा लगाइनेछ ।
- हरेक जेष्ठ नागरिकलाई घरघरमै निशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइनेछ ।
- जेष्ठ नागरिकलाई पारिवारीक अपहेलना बाट मुक्त गर्न सरोकारवालाहरु बिच अर्न्तकिया कार्यक्रम लागू गरिनेछ ।

### ऐ. न्यायिक समितिको क्षमता विकास

- न्यायिक समितिको कार्य सम्पादनलाई सहज बनाउनको निम्ति न्यायिक समितिका पदाधिकारीहरुलाई कानूनी तालिम संचालन गरिनेछ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरी त्यहिँबाट विवाद निरुपण गर्ने व्यवस्था मिलाइनेछ ।
- न्यायिक समितिले निरुपण गर्ने अधिकार क्षेत्रहरुको विवादका विषयहरु प्रत्येक वडा कार्यालयमा टाँस गरी प्रचारप्रसार गरिनेछ ।
- न्यायिक समितिलाई विवाद निरुपणको लागि इजलास कक्ष र अन्य भौतिक व्यवस्थापन गरिनेछ ।
- न्यायिक समितिलाई विवाद निरुपणको लागि सहयोग गरिनेछ ।

## पूर्वाधार विकास

### क) सडक पुल तथा झोलुङ्गे पुल

- प्रादेशिक तथा स्थानिय सडक सुधार कार्यक्रम अनुसार नुवाकोट-बागेश्वरी-लच्याङ-उर्लेनी सडक गाउँपालिकाको प्रत्यक्ष पहलमा प्रदेश सरकारबाट बहुबर्षिय योजनामा समाबेश गरी टेण्डर प्रकृयामा मार्फत निर्माण शुरुवात कार्यलाई जोड दिइनेछ ।
- सूर्यगढी ५ फेदिबेशी चोकबाट दार्मे गोगने हुदै गाँउपालिका कार्यालय सम्म जाने सडकको दुई किमि सडक कालोपत्रे गर्नुका साथै बाँकी रहेको हिरामुनीटार बाट गाउँपालिका सम्म पूर्णरुपमा पक्की नाली र ग्रावेल सहितको स्तरोन्नती गरी वर्षायाममा पनि निर्वाध रुपमा यातायात सञ्चालन हुने व्यवस्था मिलाइने छ ।
- गाउँपालिका केन्द्र भित्र चोकदे बजार क्षेत्रमा गरिएको कालोपत्रे सडक अन्य वडाहरुमा समेत विस्तार गरिनेछ ।

- गाउँपालिकाको केन्द्र देखि सवै वडाहरुमा बाह्रै महिना गाडी चल्ने गरी सडकको स्तरोन्नती गरिनेछ ।
- नैने खोला देखी कुवापानी मस्याङभऱ्याङ सानो भोर्ले हुदै रसुवा जोड्ने सडकलाई प्राथमिकतामा राखिनेछ जसले गर्दा उत्तरी भेगका बासिन्दालाई सदरमुकाम संगको पहुँचमा सहयोग पुग्नेछ ।
- नयाँचौतारा -न्यूचण्डिका सडकको स्तरोन्नति गरिनेछ ।
- हल्देकालिका थरीथोक-कालिकास्थान-अर्चले-चोकदे सडक स्तरोन्नति गरिनेछ ।
- पोखरी-गहते- कालिकास्थान-अर्चले-चोकदे सडक स्तरोन्नति गरिनेछ ।
- सिम्ले-सिम्लेबेसी मोटरबाटोको स्तरोन्नती गरिनेछ ।
- फलाटे-भदौरे सडक स्तरोन्नती गरिनेछ ।
- सडकको उपयोगिता र प्रभावकारिताको आधारमा वर्गीकरण गरी क, ख र ग स्तर निर्धारण गरिनेछ । जसकोलागि क्रमशः १० मिटर, ८ मिटर र ६ मिटर चौडा कायम गरिनेछ ।
- संचालनमा रहेका सबै गोरेटो बाटोहरुको मर्मतका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- सवै वडामा निर्वाधरुपमा वस सेवा संचालनको लागि बाटो स्तरोन्नती गरिनेछ ।
- गाउँपालिकाभित्र निर्माण हुने सडक न्यूनतम ६ मिटर चौडा कायम गरिनेछ ।
- सूर्यगढी-४ अचाने देखी सूर्यगढी-५ खारे जोड्ने झोलुङ्गे पुल यसै आर्थिक वर्षमा निर्माण गरीनेछ ।
- झोलुङगे पुलको आवश्यक्ता हेरी विस्तार गरिनेछ ।

### ख) सिंचाइ

- खहरे खोला मुहान गरी बरबोटे अमले सिंचाइको स्तरोन्नती गरिनेछ ।
- खारेखोला झिंगटीचौर सुंगुरे सिंचाई मर्मत गरिनेछ ।
- सानोकोठे सिंचाई सूर्यगढी- ४,झगडेखेत थोपा सिंचाई सूर्यगढी- ३को स्तरोन्नति गरिनेछ ।
- विसमुरे मुहान गरी बेलटार खेत सिंचाई सूर्यगढी-४को स्तरोन्नती गरिनेछ ।
- सिंचाईको सुविधाबाट वञ्चित खेत तथा फाँटहरुमा आवश्यक बजेटको व्यवस्था गरी कृषि उत्पादनमा जोड दिइनेछ ।
- अपुरा रहेका सिंचाई योजनाहरुलाई निरन्तरता दिइनेछ ।
- मझौला तथा ठूला सिंचाई योजनाहरुको पहिचान गरी सिंचाई डिभिजन, प्रदेश सरकार र केन्द्र सरकारसंग अनुरोध गरिनेछ ।

## ग) भवन तथा सहरी विकास

- बाल मैत्री,अपाङ्ग मैत्री नीति अवलम्बन गर्दै हल सहितको सुविधा सम्पन्न गाउँपालिकाको मुख्य प्रशासनिक भवन सूर्यगढी-३ तीन थुम्कीमा निर्माण गरिनेछ जग्गा तथा आर्थिक व्यवस्थापनको लागि नेपाल सरकार तथा प्रदेश सरकार मन्त्रीपरिषदलाई अनुरोध गरिनेछ ।
- दुई वर्ष भित्रमा सवै वडामा सवडा कार्यालय भवन निर्माण गरिनेछ भने यस आर्थिक वर्षमा १ वटा वडा कार्यालय भवन निर्माण गरिनेछ ।
- गाउँपालिकाले अगाडी बढाएका अधुरा भवन निर्माण कार्यलाई पूर्णता दिईनेछ ।
- भवन बनाउँदा नक्सा पास गर्न अनिवार्य गरिनेछ ।
- वडाकार्यालय भवन निर्माणको लागि संघीय सरकारले तोकेको मापदण्डको जग्गा निशुल्क रुपमा प्राप्त गर्ने नीति लिइनेछ ।
- ३ वर्ष भित्रमा प्रत्येक वडामा सभाहल व्यवस्थापन गरिनेछ ।
- सूर्यगढी गाउँपालिका क्षेत्रभित्रका जग्गाहरु अध्ययन अनुगमन तथा सम्भाव्यता अध्ययन गरी नयाँ दररेट कायम गरिनेछ ।
- २०७२ सालको महाभूकम्पका कारण घरबार विहिन भएका तर राष्ट्रिय पुर्ननिर्माण प्रधिकरणको लाभग्राहिको सूचीमा समावेश हुन नसकेका आर्थिक रुपमा विपन्न भूकम्प पिडितको परिवारको आवास निर्माणको लागि प्रति परिवार रु २ लाख २५ हजार नगद अनुदान लाई निरन्तरता दिइनेछ ।

## घ) उर्जा, लघु तथा साना जलविद्युतः

- गाउँपालिका भित्र सबै टोल बस्तीमा काठको पोललाई विस्थापित गरी फलामे पोल स्थापना गरीनेछ ।
- अत्याबश्यक स्थानहरुमा सोलार बत्तीको ब्यवस्था गरिदै लगिनेछ ।
- बैकल्पिक उर्जाको लागि विशेष कार्यक्रम लागू गरिनेछ ।

## ङ) सूचना तथा संचार

- वडा कार्यालयहरुमा इन्टरनेटको स्तरवृद्धिका लागि आवश्यक कदम चालिने छ साथै सूचना प्रविधि संग जनतालाई जोड्न प्रत्येक वडा कार्यालयमा सूचना केन्द्र तथा कम्प्यूटर अपरेटरको ब्यवस्था गरी सिसि क्यामेरा मार्फत सेवा प्रवाहको अनुगमन र निरिक्षण गरीनेछ ।
- सामाजिक संजाल तथा आफ्नै वेभसाइटमा गाउंपालिका तथा वडाहरुको सूचनाहरुको प्रवाह गरिने छ ।

- गाउँपालिकाको सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउन सि.सि. क्यामेरा जडान,ई हाजिरी मेशिन जडान कार्यलाई प्राथमिकता दिइनेछ ।
- पालिका भित्रका कार्यालयहरुको पत्राचार इमेल मार्फत छिटो छरितो तरिकाले पठाउने व्यवस्था मिलाइने छ ।
- जनताको सुसूचित हुन पाउने अधिकारलाई प्रत्याभूत गर्न गाउँपालिकाले गरेका हरेक कामको जानकारी दिन सूचना अधिकारी मार्फत हरेका शाखाका कामको जानकारी सूचना अधिकारीलाई गराउने व्यवस्था मिलाइने कार्यलाई निरन्तरता दिइनेछ ।

## वातावरण संरक्षण,विपद व्यवस्थापन तथा भूमि ब्यवस्था

- वातावरण संरक्षणको लागि गाउंपालिका क्षेत्रमा खाली रहेका सार्वजनिक जग्गाहरुमा तथा सडक छेउमा माटो बग्ने कार्यलाई रोक्नको लागि वृक्षारोपण गरिनेछ
- समुदायमा विपद व्यवस्थापन सम्बन्धि कार्यविधि बनाई पूर्वतयारी र प्रतिकार्यका लागि सतर्कता र सचेतना जगाउने कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकामा विपद व्यवस्थापन कोष स्थापना गरी पिडित घर परिवारलाई राहत सामाग्री व्यवस्थापन गर्न सक्ने योजनाका साथ पूर्व तयारी गरिनेछ ।
- प्राकृतिक प्रकोपबाट जोखिम युक्त वस्ती पहिचान गरी व्यवस्थापन कार्यमा जोड दिइनेछ ।
- गाउँपालिकामा विपद उद्दार सामाग्रीको व्यवस्थापन गरिनेछ ।
- वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धनको लागि गाउंपालिकाले वनको नर्सरी स्थापना गर्न जिल्ला वन कार्यालय तथा इलाका वन कार्यालय संग आवश्यक समन्वय गरिनेछ ।
- विपद व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धि सचेतनामुलक कार्यक्रमहरु वडागत रुपमा संचालन गरिनेछ ।
- खोला किनारवाट अनधिकृत रुपमा ढुंगा, गिट्टी तथा वालुवा निकासी कार्यलाई पूर्णत रोक लगाई वैधानिक रुपमा निकासीको व्यवस्था मिलाइने छ ।
- सामुदायिक बन ब्यवस्थापनमा जोड दिइनेछ ।
- वडा नं.१ मा रहेको भैरवी गुठीलाई रैकर जग्गामा परिणत गर्ने ब्यवस्थाका लागि नेपाल सरकार,गुठी संस्थान संग समन्वय मिलाइने छ ।
- पालिका भित्रका भूमिहिन,दलित,सुकुम्बासी तथा अब्यवस्थित बसोबासीको लगत संकलन गरी द्वन्द पिडित तथा बेपत्ता परिवारका सदस्यहरुलाई बिशेष प्राथमिकतामा राखी जग्गाधनि प्रमाणपुर्जा वितरण कार्यक्रम लागू गरिनेछ ।

## संस्थागत विकास तथा सेवा प्रवाह

- सरल छिटो छरितो र प्रभावकारी सेवा प्रवाहलाई प्राथमिकता दिंदै दैनिक प्रशासनिक कार्य संचालन गर्नको लागि आवश्यक पर्ने लेखा, पञ्जिकरण, सम्पती कर, योजना लगायत सवै प्रकारका सेवा डिजिटल माध्यमबाट सरलिकृत गरी सेवाग्राहीहरुलाई चुस्त सेवा दिईने छ ।
- जनतालाई चुस्त दुरुस्त सेवा प्रवाह तथा सहजताको लागि प्रत्येक वडामानै योजनाको सम्झौता तथा फरफारकको लागि जनचेतनामूलक शिविर संचालन गरिनेछ ।
- उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्दै प्रभावकारी सेवा प्रवाहमा जोड दिन कर्मचारीलाई उत्प्रेरणाको कार्यक्रम ल्याइने छ ।
- जनप्रतिनिधि तथा कर्मचारीको समयानुकुल क्षमता विकासको लागि विभिन्न तालिम, गोष्ठि तथा प्रविधि मैत्री ज्ञानको विकासमा जोड दिइनेछ ।
- सूर्यगढी गाउंपालिकालाई आर्थिक तथा सामाजिक क्षेत्रमा समृद्ध वनाउनको लागि (गरिवी निवारण, जातिय छुवाछुत मुक्त, वालमैत्री, वाल विवाह रहित आदि जस्ता) विभिन्न कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- वालमैत्री गाउँपालिकाको विकासको लागि विकास पूर्वाधार विकास निर्माण गर्दा बालमैत्री बनाइने छ ।
- सरकारी, सहकारी तथा निजि क्षेत्र संग सहकार्य गर्दै सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपद् व्यवस्थापन,आन्तरिक शान्ति सुरक्षा,प्राकृतिक साधन श्रोतको संरक्षण तथा सम्वर्द्धन,आन्तरिक आयको चुहावट रोक्न नगर प्रहरीको व्यवस्था गरिनेछ ।
- सूर्यगढी गाउंपालिकामा राम्रो कार्य गर्ने कर्मचारीलाई पुरस्कृत गरिनेछ ।
- सेवा अवधिको अन्त्यमा भुक्तानी पाउने गरी मासिक २०,०००।-भन्दा कम आय भएका गाउँपालिका भित्रका सबै कर्मचारीहरुको लागि गाउँपालिकाको तर्फबाट मासिक एक हजार तथा कर्मचारीको तर्फबाट एक हजार गरी मासिक दुई हजारका दरले जम्मा गरी कोषको स्थापना गरिनेछ ।
- गाउँपालिका कार्यालयमा सेवा लिन आउने सेवाग्राहीको लागि सहायता कक्षको व्यवस्थापन गरिनेछ ।
- कार्यबोझ,राजश्व क्षमता,खर्चको आकार,स्थानिय आवश्यक्ता र विशिष्टताको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी वडा समेतको विषयगत शाखा गठन पश्चात मात्र स्थायी तथा सेवा करारबाट लिने कर्मचारीको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन गाउँसभाबाट स्विकृत गराइने छ ।
- प्रत्येक वडाहरुमा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरिनेछ ।

- ्आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न बार्षिक खरिद योजना तयार गरी लागु गरीनेछ ।

## वित्तिय व्यवस्थापन र सुशासन

### क) राजश्व परिचालन

- कर तिर्नु जनताको दायित्व हो भन्ने धारणाको विकास गर्न समुदाय तथा वडा तह सम्म कर सम्वन्धि चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- प्रगतिशिल सम्पत्ति कर प्रणाली लागू गरी गरिव जनताबाट उठाइने करमा कमी गरिनेछ ।
- राजश्व संकलन कार्यलाई प्रभावकारी र पारदर्शि वनाउनको लागि सफ्टवेरको विकास गरी लागू गरिनेछ ।
- उपलब्ध श्रोतहरुको प्रभावकारी तथा दिगो परिचालन गर्दै गाउंपालिकाको आन्तरिक श्रोत वृद्धिको लागि राजश्वका थप क्षेत्रहरुको खोजी गरिनेछ ।
- राजश्व परिचालनलाई प्रभावकारी वनाउन राजश्व शाखाको व्यवस्था गरी संस्थागत सुदृढिकरणका लागि आवश्यक श्रोत साधनको प्रवन्ध मिलाइनेछ ।
- गाउंपालिकाको ५ न. वडामा रहेको ढुंगा खानीवाट संचालित कम्पनीसंग करका क्षेत्रहरु वारे आवश्यक छलफल गरी थप राजश्व संकलनको प्रयास गरिनेछ ।

### ख). वित्तिय अनुशासन र सुशासन

- गाउँपालिकालाई दीर्घकालिन आर्थिकभार तथा दायित्व वृद्धि नहुने गरी निर्णयहरु गरिने छ ।
- आर्थिक ऐन र खरिद ऐनको पूर्ण अधिनमा रहि उपभोक्ता समिति मार्फत हुन सक्ने कार्यहरु सोही मार्फत र नसक्ने ठूला कार्यहरु टेण्डर मार्फत गर्ने नीति लिइनेछ ।
- कुनै पनि योजनाको जीवन्त तत्व उपभोक्ता समिति भएको हुंदा उपभोक्ता समितिको क्षमता विकासको लागि वडा वडामा उपभोक्ता समितिको क्षमता विकासको लागि सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- हरेक योजनामा अनिवार्य रुपमा होडिङ्ग वोर्ड राख्न लगाइने छ र सो बापतको रकम इष्टिमेटमा नै व्यवस्था गरिनेछ ।
- अघिल्लो आ.व.का वेरुजुलाई फर्स्यौट गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- सुसासन प्रवर्द्धनमा जोड दिन गाउँपालिकामाआउने गुनासोहरुलाई व्यवस्थित गर्नको लागि गुनासो अभिलेखगर्ने, सुझाव सुन्ने, त्यसको रेकर्ड राख्ने तथा गुनासो सम्बोधन गर्ने प्रणालीको विकास गरिनेछ ।

- सार्वजनिक सुनुवाई प्रत्येक चौमासिकमा संचालन गरिनेछ, नागरिक वडापत्र आदिको माध्यम द्धारा वडा तथा गाउंपालिका तहमा सुसासन प्रवर्द्धनमा जोड दिइनेछ ।
- प्रचारमुखी भन्दा प्रभावमुखी विकास निर्माण र सेवा प्रवाहमा जोड दिइने छ ।

यस गाउँपालिकाका गौरवका आयोजनाहरु, गाउँपालिकाको स्रोत तथा साधनले धान्न नसक्ने ठूला योजनालाई कार्यान्वयन गर्नको लागि केन्द्र सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाला निकाय समक्ष पेश गर्ने गरी प्रस्ताव गरेको छु । मोटरबाटोको स्तरोन्नती गर्ने, राष्ट्रिय प्रसारणको लाइन घरघरमा पुऱ्याउने, गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माणको सुरुवात गर्ने लगायतका मुख्य मुख्य आयोजनाहरु संचालन गरिनेछ । साथै विकासमा साझेदारी गर्न सिमाना जोडिएका गाउँपालिका तथा नगरपालिका संग समझदारी कायम गरी साझेदारीमा विकास निर्माणको कामलाई अगाडी बढाइनेछ ।

सूर्यगढी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९।०८०को विकास निर्माण आयोजना तथा कार्यालय संचालनको लागि यस गाउँपालिकामा प्राप्त संघीय तथा प्रदेश सशर्त कार्यक्रम, वित्तिय समानिकरणबाट प्राप्त रकम, राजश्व बाँडाफाँड बाट प्राप्त रकमका साथै गाउँपालिकाको राजश्व परामर्श समितिले पेश गरेको प्रतिवेनका आधारमा तोकिएको आन्तिरिक राजश्व, यस गाउँपालिकाले चालु आ.व.मा खर्च गर्न नसकेको रकम र जनसहभागिता बापत योजनाको लागि उठ्ने  रकम व्यवस्थापन गरी आयोजना तथा दैनिक प्रशासन संचालन गरिनेछ ।

## उपस्थित सम्पूर्ण महानुभावहरु,

गाउँपालिकाले हालसम्म प्राप्त गरेको उपलब्धिहरुलाई संस्थागत गर्दै आर्थिक, सामाजिक, र सांस्कृतिक सबै क्षेत्रको तीब्र विकास गरी समृद्ध सूर्यगढी र सुखी सूर्यगढीको आकांक्षा पुरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम पेश गरेको छु । यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नेपाल सरकारले तोकेको लक्ष्य तथा राष्ट्रिय एकता, राष्ट्रिय हित र स्वाभिमान मजबुत हुनुका साथै तीब्र दरको आर्थिक बृद्धि हासिल गर्न समेत सघाउ पुग्नेछ ।

सूर्यगढी नुवाकोट जिल्लाभित्र उदीयमान, विकासशिल गाउँपालिकाको रुपमा स्थापित गर्न सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीको योगदान अमूल्य हुने भएकाले यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट योगदान हुने विश्वास व्यक्त गर्दछु । अन्त्यमा आआफ्नो क्षेत्रबाट महत्वपूर्ण भुमिका निर्वाह गर्ने राष्ट्रसेवक कर्मचारी तथा सम्पूर्ण सूर्यगढी बासीहरुलाई धन्यबाद ज्ञापन गर्न चाहन्छु । सूर्यगढी गाउँपालिकाको विकासमा साथसहयोग गर्ने अन्य छिमेकी गाउँपालिका नगरपालिका,गैर सरकारी संस्थाहरुलाई समेतलाई धन्यबाद दिन चाहन्छु ।

**धन्यवाद**